"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

प. सं. २०७९/०८०
सूचना नं. ६८

मितिः- २०८०/०३/२६

# सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली (दोस्रो संशोधन) २०७६ को नियम (९) को उपनियम (१) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आ.व. २०८०/०८१ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिए बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु आफै वडा कार्यालयमा उपस्थित भई यहि **मिति २०८० श्रावण १ गतेदेखि भदौ मसान्त भित्र** अनिवार्य रुपले आवश्यक कागजातहरु सहित आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु:-**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि — १ प्रति
- बसाई सराई गरेको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपि — १ प्रति
- लाभग्राहीको फोटो — १ प्रति
- सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि — १ प्रति
- अपाङ्गता भएका लाभग्राहीको हकमा नगरपालिकाबाट जारी गरिएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि — १ प्रति
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित विवरण — १ प्रति

**नोटः-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको लगतकट्टा गरिने र सामाजिक सुरक्षा भत्ता प्राप्त हुनेछैन साथै लगतकट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही अनुसार गर्नु गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

०८०/३/२६
तुल्सीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

वेब साईट:www.budhanilkanthamun.gov.np, Email: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com